# पोखरा विश्वविद्यालय
# POKHARA UNIVERSITY
Kaski, Nepal


चलानी नं.:/Ref. No.

## पो वि स्नातक तह छात्रवृत्ति छनोट परीक्षाको अन्तिम योग्यताक्रम सूची (Final Merit List) प्रकाशित सम्बन्धि सूचना !

पो. वि. छात्रवृत्ति छनौंट समिति, २०७६ बाट मिति २०७६।०५।२३ र २४ गते लिइएको व्यवस्थापन संकाय, स्वास्थ्य विज्ञान संकाय, विज्ञान तथा प्रविधि संकाय समूह क, ख, र मानविकि तथा सामाजिकशास्त्र संकाय अन्तर्गतका विभिन्न कार्यक्रमहरुको छात्रवृत्ति छनौंट प्रवेश परीक्षाको मिति २०७६ भदौ २७ मा पहिलो पटक प्रकाशित योग्यताक्रम सूचिमा निम्नानुसारका बुँदाहरु समायोजन गरि यो **अन्तिम योग्यताक्रम सूची (Final Merit List) प्रकाशित गरिएको** व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

**अन्तिम योग्यताक्रम सूची (Final Merit List) प्रकाशित गर्दा समायोजन गरिएका बुँदाहरु :**

क) मिति २०७६।०५।२७ मा योग्यताक्रमसुची प्रकाशित हुदा केही विद्यार्थीहरुले कक्षा ११ र १२ को ट्रान्सक्रिप्ट पेश गर्न बाँकी रहेकाले छात्रवृत्ती परीक्षामा बराबर अंक प्राप्त गर्ने विद्यार्थीका हकमा योग्यताक्रम छुट्टयाइएको थिएन । अत: बराबर अंक प्राप्त गरेका विद्यार्थीका हक्मा उनिहरुको कक्षा ११ र १२ को ट्रान्सक्रिप्टको सिजिपिए (CGPA) का आधारमा, कक्षा ११र १२ को सिजिपिए/प्रतिशत बराबर हुनेका हक्मा SEE/SLC को जिपिए/प्रतिशतका आधारमा Rank निर्धारण गरि यो अन्तिम योग्यताक्रम सूची (Final Merit List) प्रकाशित गरिएको छ । SEE/SLC को जिपिए/प्रतिशत पनि बराबर हुनेहरुका हक्मा ईन्जिनियरिङ्गका लागि कक्षा १२ मा गणित विषयमा प्राप्त गरेको ग्रेडका आधारमा र व्यवस्थापनका लागि कक्षा १२ को अनिवार्य अंग्रजी विषयमा प्राप्त गरेको ग्रेडका आधारमा Rank निर्धारण गरिएको छ । यही अन्तिम योग्यताक्रम सूची (Final Merit List) अनुसार छात्रवृत्तीमा छनोट गरि कलेजहरुमा पठाइने छ ।

ख) मिति २०७६।०५।२७ मा योग्यताक्रम सुची प्रकाशित हुदा योग्यताक्रम सूचिमा समावेश भएका सरकारी विद्यालयबाट एसईई वा एसएलसि पास गरेका सबैले सम्बन्धित परिक्षा बोर्डले उपलब्ध गराएको ट्रान्स्क्रिप्ट र चारित्रिक प्रमाणपत्र (Transcript and Character Certificate) अनिवार्यरुपमा मिति २०७६।०६।०९ गते कार्यालय समय सम्ममा आफैं उपस्थित भइ पो वि छात्रवृत्ति शाखामा बुझाउनु हुन जानकारी गराइएको थियो । अत: उक्त अवधिभित्र उल्लेखित कागजात पेश नगरेका सवै विद्यार्थीहरुलाई यस अन्तिम योग्यताक्रम सुचीमा समावेश गरिएको छैन ।

ग) मिति २०७६।०५।२७ मा प्रकाशित योग्यताक्रम सुचीमा नाम समावेश भएका तर कार्यक्रम तथा कलेज छनोटका लागि **अनुसूची २ को फाराम नभरेका** सवै उम्मेदवारहरुको नामावली पनि यस अन्तिम मेरिट लिष्टमा समावेश गरिएको छैन ।

घ) यदी कसैलाई **अन्तिम योग्यताक्रमसूची (Final Merit List)** उपर चित्त नबुझेमा सो सम्बन्धमा यहि मिति २०७६।०६।३० गते विहीवार कार्यालय समय भित्र छात्रवृत्ती परीक्षाको **प्रवेशपत्र** र विद्यार्थीको आफ्नै हस्तलिखित **निवेदन** स्क्यान गरि वा फोटो खिचि puscholarship@pu.edu.np मा ईमेल मार्फत् पठाई दावि विरोध गर्न सकिनेछ । यसरी निवेदन गर्दा **परीक्षाको रोल नं., प्राप्तांक, पहिलो मेरिटलिष्ट (*मिति २०७६।०५।२७ मा प्रकाशित*) अनुसारको आफ्नो योग्यताक्रम र सम्पर्क फोन नम्वर** उल्लेख गर्नुपर्नेछ ।

ङ) आज प्रकाशित भएको यो अन्तिम योग्यताक्रम सूचि सरकारी विद्यालयबाट एसईई वा एसएलसि पास गरेका विद्यार्थीहरुको मात्रै रहेको छ र अवका बाँकी प्रकृयाका लागि यहि अनुसारको Rank को प्रयोग गरिनेछ ।

च) दावि विरोधमा प्राप्त हुनसक्ने निवेदन उपर कार्यवाही पछि आगामी मिति **२०७६।०६।३० गते बेलुका Scholarship Awarded List प्रकाशित गरिने** जानकारी पनि गराइन्छ ।

............................
प्रा. हरि बहादुर खड्का
डीन, व्यवस्थापन संकाय एवं
संयोजक
पो.वि.स्नातकतह
छात्रवृत्ति छनोट समिति, २०७६
मिति: २०७६।०६।२८

**Pokhara University**

**Scholarship Examination - 2076**

**Faculty of Health Sciences (BNS)**

**Final Merit List (Government School)**

| SN | Roll. No. | Name of the Students | Marks | District | Gender | Quota Type | Remarks |
|---|---|---|---|---|---|---|---|
| 1 | 4419 | Nisha Sharma | 124 | Chitwan | F | Local | Government School |
| 2 | 4292 | Lilawati Budhamagar | 93 | Rukum | F | Ethnic | Government School |
| 3 | 4139 | Bigyan Nepali | 86 | Panchathar | F | Scheduled | Government School |